# सुन्दरहरैंचा राजपत्र

## सुन्दरहरैंचा नगरपालिकाद्वारा प्रकाशित

**खण्डः ६, भाग-१, सङ्ख्याः ३, सुन्दरहरैँचा राजपत्र मितिः २०७९/११/१०**

**प्रमाणीकरण मितिः २०७९/११/०४**

## सुन्दरहरैँचा नगरपालिकाको नगर खेलकुद विकास ऐन, २०७९

**प्रस्तावनाः**

खेलकुदको माध्यमबाट नगरपालिकाका नागरिकहरूमा राष्ट्रियता सम्बन्धी सामूहिक भावनाको विकास गर्न, नागरिकहरूलाई स्वस्थ, अनुशासित, मर्यादित र गतिशील बनाउन खेलकुदको माध्यमबाट राष्ट्रिय, अन्तर्राष्ट्रिय पहिचान र सम्मान बढाउन तथा नगरपालिकामा खेलकुद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैंचा नगरपालिकाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नगर खेलकुद विकास ऐन, २०७९" रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "अध्यक्ष" भन्नाले दफा ३ को उपदफा २ क) बमोजिम नियुक्त नगर खेलकुद विकास समितिको अध्यक्ष सम्झनु पर्छ ।

ख) "उपाध्यक्ष" भन्नाले दफा ३ को उपदफा २ ख) बमोजिम नियुक्त नगर खेलकुद विकास समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

घ) "समिति"भन्नाले नगरमा खेलकुदको विकास गर्न दफा ३ बमोजिम गठन भएको नगर खेलकुद विकास समिति सम्झनु पर्छ ।

ङ) "नगर" भन्नाले सुन्दरहरैँचा नगरपालिका सम्झनु पर्छ ।

च) "अधिकृत" भन्नाले समितिको प्रशासन र व्यवस्थापनसमेतको कार्य गर्न नगरपालिकाबाट तोकिएको कार्यालय प्रमुख सम्झनु पर्छ ।

ज) "शाखा" भन्नाले नगरको खेलकुदसम्बन्धी विषय हेर्ने शाखा सम्झनु पर्छ ।

झ) "सदस्य" भन्नाले समिति र समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समिति र समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवसमेतलाई जनाउँछ ।

ञ) "सङ्घसंस्था" भन्नाले खेलकुदसम्बन्धी कार्य वा प्रतियोगिता सञ्चालन गर्ने क्लब वा विषयगत सङ्घसंस्था सम्झनुपर्छ ।

ट) "सदस्य सचिव" भन्नाले दफा ३ को उप दफा २ क) बमोजिम नियुक्त नगर खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्छ ।

३. **समिति गठनसम्बन्धी व्यवस्थाः**

(१) नगरमा खेलकुदको विकास गर्न नगरले नगर खेलकुद विकास समिति सुन्दरहरैँचाको गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहनेछः

| | | |
|---|---|---|
| क) | नगरपालिकाको प्रमुख | - अध्यक्ष |
| ख) | नगरपालिकाको उपप्रमुख | - उपाध्यक्ष |
| ग) | यस नगर क्षेत्र भित्र रहनु भएको खेल जगतमा महत्वपूर्ण योगदान पुर्याएका मध्येबाट अध्यक्षको सिफारिसमा नगरकार्यपालिकाबाट नियुक्त | - सदस्य सचिव |
| घ) | नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |

| | | |
|---|---|---|
| ङ) | नगरको सामाजिक विकास समितिको सयोजक | - सदस्य |
| च) | खेल जगतमा ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट वडा समितिको सिफारिसमा कम्तिमा ३ महिलासहित अध्यक्षले मनोनित गर्ने बढीमा १२ जना | - सदस्य |
| छ) | फरक-फरक खेल विधामा ख्याति प्राप्त व्यक्तिहरू मध्येबाट समितिको अध्यक्षले मनोनित गरेको कम्तिमा २ महिलासहित ५ जना | - सदस्य |
| ज) | अपाङ्गताको क्षेत्रमा कार्य गर्ने नगरपालिका स्तरको सामाजिक संस्थाको प्रतिनिधिमध्ये अध्यक्षद्वारा मनोनित एकजना | - सदस्य |
| झ) | नगरपालिकाको शिक्षा शाखा प्रमुख | - सदस्य |

(३) सुरक्षा निकाय, खेलकुद विज्ञहरूलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(४) समिति अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।

(५) समितिका सबै काम कारवाहीको निमित्त आफ्नो छुटै कार्यालय र छाप हुनेछ ।

(६) समितिले चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

(७) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालेस उजुर गर्न र सो उपर सोही नामबाट नालेस उजुर लाग्न सक्नेछ ।

४. <u>**पदावधि सम्बन्धी व्यवस्थाः**</u> (१) समितिका पदेन सदस्यहरू बाहेक मनोनित अन्य सदस्यको पदावधि चार वर्ष हुनेछ । उपाध्यक्ष र सदस्यहरूलाई लगातार दुई कार्यकाल भन्दा बढी मनोनयन गरिनेछैन ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ बमोजिम पदपूर्ति गरिनेछ ।

(३) कुनै सदस्यले पदबाट राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले इमान्दारितापूर्वक आफ्नो कर्तव्य पालन नगरेको बुझिएमा समितिको दुई तिहाइको निर्णयले समितिबाट हटाउन सक्नेछ । तर उपाध्यक्षलाई पदावधि समाप्त हुनुभन्दा अघि पदबाट हटाउने निर्णय अध्यक्षको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ ।

(५) उपदफा (४) बमोजिम उपाध्यक्ष र सदस्यलाई पदबाट हटाउनु पर्ने अवस्था भएमा निजहरूलाई सफाई पेश गर्ने उचित मौका दिनुपर्नेछ ।

५. **<u>सदस्यको अयोग्यता सम्बन्धी व्यवस्थाः</u>** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

क) गैर नेपाली नागरिक,

ख) मानसिक रुपमा अशक्त भई कामकाज गर्न असमर्थ व्यक्ति,

ग) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्दाको आरोपमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको,

घ) दामासहीमा परेको,

ङ) पदेन सदस्य बाहेक अन्य सदस्य २१ वर्ष पूरा नभएको ।

६. **<u>सदस्यता समाप्ति सम्बन्धी व्यवस्थाः</u>** देहायको अवस्थामा समितिको सदस्यता समाप्त भएको मानिनेछः

क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

ख) राजीनामा दिई स्वीकृत भएमा,

ग) मृत्यु भएमा, वा

घ) विना सूचना लगातार तीन पटक भन्दा बढी समितिको नियमित बैठकमा अनुपस्थित भएमा ।

ङ) दफा ४ को उपदफा ४ बमोजिम पद रित्त गरिएमा

७. **<u>समितिको बैठक र निर्णयसम्बन्धी व्यवस्थाः</u>** (१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक वर्षको कम्तिमामा चारपटक बस्नु पर्नेछ ।तर समितिका एक तिहाइ सदस्यले बैठक बोलाउन लिखित अनुरोध गरेमा उपदफा (१) बमोजिम ७ (सात) दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(५) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(६) सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राख्नु पर्नेछ ।

(७) यस दफामा लेखिए बाहेक बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **<u>समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) नगरपालिकालाई खेलकुदसम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने तथा समितिको कार्ययोजना र बजेट पारित गर्ने,

ख) सबै स्तरका खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने तथा खेलाडीहरूको स्तरबृद्धि गर्न स्वदेशी तथा विदेशी प्रशिक्षकहरूबाट तालिमको व्यवस्था गर्ने,

ग) स्वदेश तथा विदेशमा हुने खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन तोकिए बमोजिम खेलाडी तथा खेलकुद सम्वद्ध व्यक्तिहरूलाई पठाउने,

घ) तोकिए बमोजिम खेलाडी तथा सङ्घ संस्थाको वर्गीकरण गर्न तोकिए बमोजिमको समिति गठन गरी सो वर्गीकरणका आधारमा सङ्घ संस्था र खेलाडीलाई तोकिए बमोजिमको आर्थिक सहायता, छात्रबृत्ति, विमा, स्वास्थ्य उपचार लगायत अन्य सुविधा वा सहयोग उपलव्ध गराउन नगर प्रमुख समक्ष सिफारिस गर्ने।

ङ) नगरपालिकामा खेलकुदको पूर्वाधार तयार गरी संरक्षण तथा प्रबर्धन गर्ने,

च) अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने, गराउने,

छ) नगरकार्यपालिकाको निर्णय बमोजिम नगरपालिकास्तरमा आवासीय खेलकुद विद्यालय, खेलकुद प्रतिष्ठान, अनुसन्धान केन्द्र र खेलकुद संग्रहालय स्थापना गर्ने,

ज) खेल पर्यटनको विकास गर्ने तथा परम्परागत खेलहरूको संरक्षण र प्रवर्धन गर्ने,

झ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरू गर्ने, गराउने ।

ञ) नगरपालिका भित्र रहेका खेल मैदानहरूको सरक्षण सम्बर्धन र प्रयोग गर्ने गराउने

९. **<u>उपाध्यक्षको, काम कर्तव्य र अधिकारः</u>**

(१) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(२) उपाध्यक्षले समितिको काम कारवाहीको अनुगमन र व्यवस्थापन गर्नेछ।

(३) उपाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१०. <u>सदस्य सचिवको काम, कर्तव्य र अधिकारः</u>** (१) सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) अध्यक्षको निर्देशनमा रही समितिको काम कारवाहीको अनुगमन र व्यवस्थापन गर्ने,

ख) समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

ग) समितिको अनुमानित वार्षिक आय व्यय (बजेट) र कार्यक्रम तयार गरी समिति समक्ष पेश गर्ने,

घ) समितिको कोष परिचालन, सम्पत्तिको व्यवस्थापन, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक

कार्य गर्ने, गराउने,

ङ) समितिका कर्मचारीहरूको प्रशासनिक प्रमुख भइ कार्य गर्ने,

च) समितिको कार्य सञ्चालनमा अनुशासन र पारदर्शिता कायम गर्ने,

छ) समितिले तोके बमोजिमका अन्य कार्यहरू गर्ने,

(२) यस दफा बमोजिम सदस्य सचिवले आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्दा अध्यक्ष वा उपाध्यक्षको निर्देशनमा रही गर्नु पर्नेछ ।

(३) सदस्य सचिवले नियुक्त भएको एक महिनाभित्रमा नगरपालिका प्रमुख समक्ष तोकिए बमोजिम कार्य सम्पादन करार गर्नु पर्नेछ ।

**११. <u>सदस्य सचिवको नियुक्ति र योग्यताः</u>** (१) अध्यक्षको सिफारिसमा नगर कार्यपालिकाले बढीमा चार वर्षको लागि सदस्य सचिवको नियुक्ति गर्नेछ ।

(२) सदस्य सचिवको योग्यता देहाय बमोजिम हुनेछः

क) नेपाली नागरिक,

ख) ६५ वर्ष उमेर ननाघेको,

ग) खेलकुदको क्षेत्रमा दखल अनुभव हासिल गरेको ।

घ) नैतिक पतन देखिने फौज्दारी कसुरदार ठहर नभएको,

ङ) स्वच्छ छवि भएको ।

**१२. <u>समिति सम्बन्धी व्यवस्थाः</u>** (१) समितिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली बमोजिम आफूले गर्नुपर्ने कुनै काम गर्नको निमित्त आवश्यकताअनुसार समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य, अधिकार तथा समितिका सदस्यहरूको भत्ता वा अन्य सुविधा नगरपालिकाको प्रमुखको स्वीकृतिमा समितिले तोके बमोजिम हुनेछ।

**१३. <u>कोष सम्बन्धी व्यवस्थाः</u>** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछः

क) सङ्घीय, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,

ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिए वापत लिने शुल्क,

ग) खेलकुदसम्बन्धी प्रशिक्षण प्रदान गरे वापत लिने शुल्क,

घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

च) प्रचलित कानून बमोजिम अन्तराष्ट्रिय सङ्घ संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम,

छ) सङ्घ संस्था दर्ता वा नवीकरण गरे वापत लिने शुल्क,

ज) समिति र समितिको चल अचल सम्पत्तिको प्रयोगबाट आर्जन हुने रकम,

झ) पुरस्कार वापत प्राप्त रकम

ञ)अन्य कुनै कानूनी स्रोतबाट प्राप्त रकम ।

(२) समिति र समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोर्नु पर्नेछ ।

(३) समिति र समितिको कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वाट मान्यता प्राप्त वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(४) समिति र समितिको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१४. **<u>सङ्घीय सरकारको स्वीकृति लिनुपर्नेः</u>** समितिको आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तराष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग आर्थिक सम्झौता गर्दा सङ्घीय सरकारको स्वीकृति लिनुपर्नेछ ।

१५. **<u>लेखा र लेखापरीक्षणः</u>** (१) समिति र समितिको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नु पर्नेछ ।

(२) समिति र समितिको अन्तिम लेखापरीक्षण कानुन बमोजिम गराउनु पर्नेछ ।

(३) नगरप्रमुखले चाहेमा समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी र जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१६. **<u>सदस्यहरूको भत्ता सम्बन्धी व्यवस्थाः</u>** (१) समितिका सदस्यहरूले बैठकमा भाग लिए वापत तोकिएबमोजिम बैठक भत्ता पाउनेछन् ।

(२) समितिका सदस्य काम विशेषले स्वदेश वा विदेश भ्रमण गर्नु परेमा तोकेबमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

(३) समितिका सदस्यहरूको भत्ता र अन्य सुविधा तोकिएबमोजिम हुनेछ ।

१७. **<u>सदस्य सचिवको पारिश्रमिक र भत्ताः</u>** (१) सदस्य सचिवले समितिमा कार्यकारी प्रमुख भई काम गरे वापत कार्यपालिका (वडा अध्यक्ष) ले पाउने सरहको पारिश्रमिक, भत्ता र अन्य सुविधा पाउनेछ ।

१८. **<u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u>** (१) समितिमा नगरपालिकाले स्वीकृत गरेको दरबन्दी बमोजिम कर्मचारीहरू रहनेछन् , तर कर्मचारी नियुक्ति नभएसम्म स्वीकृत दरवन्दीमा बढीमा छ महिनाको लागि तोकिए बमोजिम करारमा कर्मचारी नियुक्ति गर्न समितिलाई यस दफाले बाधा पुर्याएको मानिने छैन ।

(२) समितिका सदस्यहरू मध्येबाट नगरप्रमुखले तोकेको एक सदस्य कार्यलय सचिवका रुपमा कर्मचारीहरू खटाउन सक्नेछ ।

(३) समितिका कर्मचारीहरूको पारिश्रमिक तथा सेवा शर्तहरू तोकिए बमोजिम हुनेछ।

(४) उपदफा २ बमोजिम नियुक्त कार्यालय सचिवको सेवा सुविधा चौथो तहको सरह हुनेछ।

१९. **सजाय र कारबाहीः** समिति वा समितिको कुनै कर्मचारीले जानी-जानी वा लापरवाही गरी वा बदनियत साथ समितिलाई हानी नोक्सानी पुर्याएमा निजलाई कर्मचारीसँग सम्बन्धित नियमावली र अन्य प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

२०. **सङ्घ संस्था दर्ता, नवीकरण र आबद्धता सम्बन्धी व्यवस्थाः** (१) नगरमा खेलकुदसम्बन्धी कार्य गर्ने वा प्रतियोगिता सञ्चालन गर्ने सङ्घसंस्थाले तोकिए बमोजिम समितिमा दर्ता हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने सङ्घसंस्थाको निर्वाचनसम्बन्धी व्यवस्था समितिबाट तोकिए बमोजिम हुनेछ ।

(३) सङ्घ संस्थाको नवीकरण प्रत्येक आर्थिक वर्षभित्र तोकिएको शुल्क बुझाइ गर्नुपर्नेछ, तर तोकिएको समयमा नवीकरण नगरेमा तोकिए बमोजिमको जरिवाना तिरी नवीकरण गर्न सकिनेछ ।

२१. **सङ्घसंस्थाले श्रेस्ता राख्ने सम्बन्धी व्यवस्थाः** (१) सङ्घसंस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम सङ्घसंस्थाले राखेको श्रेस्ताको जाँचबुझ जुनसुकै बखत गर्न गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा समितिले अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न गराउन आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्देशन दिइएमा त्यस्तो निर्देशन कार्यान्वयन गर्न सम्बन्धित सङ्घसंस्थाले आवश्यक प्रकृया अघि बढाउनु पर्नेछ ।

२२. **निर्देशन दिने र आचारसंहिता जारी गर्नेः** (१) समितिले खेलकुदको विकासको सम्बन्धमा समय समयमा सङ्घसंस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सङ्घसंस्थाको कर्तव्य हुनेछ ।

(२) सङ्घसंस्थाहरूले पालना गर्नु पर्ने आचारसंहिता समितिले तोके बमोजिम हुनेछ ।

२३. **स्वीकृति लिनु पर्नेः** (१) अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै खेलाडी वा खेल सम्बद्ध व्यक्तिलाई विदेश पठाउन वा नगरपालिकामा आयोजना हुने खेलकुद प्रतियोगिता वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा विदेशी खेलाडी वा अधिकारीहरूलाई आमन्त्रण गर्नु परेमा प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(२) वडा, नगरपालिका, जिल्ला र अन्तरस्थानीय तह स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्दा नगर खेलकुद विकास समितिको स्वीकृति लिनुपर्नेछ ।

२४. **कारबाही र दर्ता खारेजी सम्बन्धी व्यवस्थाः** (१) देहायको अवस्था उत्पन्न भएमा सङ्घसंस्थालाई समिति वा समितिले नसियत दिई अभिलेख राख्न सक्नेछः

क) समिति वा समितिले दिएको निर्देशन पालना नगरेमा वा आचार संहिता उल्लङ्घन गरेमा,

ख) आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा नराखेमा,

ग) सङ्घसंस्थाले राखेको हिसाबको श्रेस्ताको जाँचबुझ गर्न गराउन अवरोध गरेमा,

घ) समितिले तोकेको भन्दा अन्य अवस्था उत्पन्न भएमा,

(२) देहायको अवस्था उत्पन्न भएमा सङ्घसंस्थालाई समितिले बढीमा पचास हजारसम्म रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

क) उपदफा (१) बमोजिम दुई पटक भन्दा बढी नसिहत पाएमा,

ख) दफा २३ को उपदफा २ बमोजिम समिति वा समितिको स्वीकृति नलिइ खेलकुद प्रतियोगिता आयोजना गरेमा,

ग) पाँच वर्षसम्म नवीकरण नगरेमा,

घ) सङ्घसंस्थाको कार्यकारिणी समिति गठन गर्दा निर्वाचन सम्बन्धी तोकिएको प्रावधानको पालना नगरेमा,

ङ) समिति वा उप समितिले तोकेको अन्य गम्भीर अवस्था उत्पन्न भएमा ।

च) माथि उल्लिखित खण्डहरूमा जुनसुकै कुरा उल्लेख भएता पनि समितिमा दर्ता भएका सङ्घ संस्थाहरूलाई बैठकको बहुमतबाट कारबाही गरिनेछ ।

(३) देहायको अवस्था उत्पन्न भएमा समितिको सिफारिसमा समितिले सङ्घ संस्थाको कार्यसमिति निलम्बन गर्नेछः

क) संविधान वा प्रचलित कानूनले निषेध गरेको प्रावधानको गम्भीर उल्लङ्घन गरेमा,

ख) लगातार तीन वर्षसम्म कम्तीमा एउटा खेलकुद प्रतियोगिता आयोजना गर्न असमर्थ भएमा,

ग) लगातार दुई वर्षसम्म सङ्घ संस्था नवीकरण नगरेमा,

घ) समितिले उचित ठहर्याएको अन्य गम्भीर अवस्था उत्पन्न भएको प्रमाणित भएमा,

ङ) सङ्घ संस्थाको रकम हिनामिना भएकोमा त्यस्तो रकम असुल उपर गर्नेतर्फ कुनै कारवाही अगाडि नबढाएमा ।

(४) कुनै सङ्घसंस्था दर्ता गर्दा जानीजानी झुठो विवरण दिएको पुष्टि भएमा दफा २४ बमोजिम जरिवाना गरी दर्ता खारेज गरिनेछ, साथै कुनै पनि खेलकुदसँग सम्बन्धित सङ्घ सस्थामा पाँच बर्षसम्म कार्यसमितिमा बस्न योग्य हुने छैन ।
यस दफा बमोजिम सङ्घसंस्थालाई कारवाही वा दर्ता खारेज गर्नु अघि सफाईको उचित मौका प्रदान गर्नुपर्नेछ।
(५) उपदफा (१) बमोजिम कारवाही गर्नु अघि सम्बन्धित संस्थाले आफ्नो कमजोरी स्वीकार गरी लिखित रुपमा क्षमायाचना गरेमा समिति वा समितिले कारवाही स्थगित गर्न सक्नेछ ।
(६) यस दफामा उल्लेख भएको व्यवस्थाले सम्बन्धित सङ्घसंस्थालाई प्रचलित कानून बमोजिम कारबाही गर्न, मुद्दा चलाउन वा सजाय गर्न कुनै बाधा गर्ने छैन ।

२५. **छानबिन सम्बन्धी व्यवस्था:** (१) दफा २४ को उपदफा (३) बमोजिम कारवाही गर्नु अघि समितिले तोकिए बमोजिम तीन सदस्यीय छानविन समिति गठन गरी तोकिएको अवधि भित्र प्रतिवेदन पेश गर्न निर्देशन दिनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम गठन हुने छानविन समितिको कार्यविधि समितिसँग परामर्श गरी छानविन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।
(३) छानविन समितिका सदस्यहरूले पाउने भत्ता वा अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

२६. **पुनरावेदन सम्बन्धी व्यवस्था:** दफा २४ बमोजिम गरिएको कारवाही सम्बन्धी निर्णयमा चित्त नबुझ्ने सङ्घसंस्थाले कारबाहीको लिखित सूचना पाएको पैतीस दिनभित्र सम्वन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछः

२७. **अधिकार प्रत्यायोजनः** समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये केही अधिकार आवश्यकतानुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य-सचिव, छानविन समिति, उपसमिति वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२८. **नगर कार्यपालिकाले निर्देशन दिन सक्नेः** (१) नगर प्रमुख वा नगरकार्यपालिकाले खेलकुदको विकास सम्बन्धमा समितिलाई र समितिमार्फत उप समिति वा सङ्घसंस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम नगर प्रमुख वा नगरकार्यपालिकाले दिएको निर्देशनको पालन गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

२९. **सपथ ग्रहण सम्बन्धी व्यवस्था:** समितिका उपाध्यक्ष, सदस्य, सदस्य सचिव, समितिका अध्यक्ष र सदस्यले तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

३०. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

३१. **<u>यस ऐन बमोजिम हुने:</u>** यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

३२. **<u>खारेजी र बचाउ:</u>** प्रचलित कानून बमोजिम दर्ता भएका खेलकुद सम्बन्धी सङ्घसंस्थाहरू यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।